**नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर**

# चार्टड एकाउन्टेन्ट सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रकाशन मिति: २०७८।०२।०३)**

यस बोर्डमा रिक्त रहेका देहायका पदमा स्थायी पदपूर्ति भई नआएसम्मको अवधिका लागि कामकाज गर्न सेवा करारमा लिनुपर्ने भएकाले तल उल्लेखित योग्यता पुग्ने नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त दिन चाहने उम्मेदवारले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र यस बोर्डबाट निर्धारित दरखास्त फाराम रितपूर्वक भरी आवश्यक कागजात सहित बोर्ड कार्यालयमा वा स्कयान (scan) गरी बोर्डको ईमेल management@sebon.gov.np मार्फत पेश गर्नुपर्नेछ । दरखास्त फाराम बोर्डको प्रशासन शाखाबाट तथा वोर्डको वेवसाईट http://sebon.gov.np/career बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । दरखास्त फारम साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति संलग्न गर्नुपर्नेछ । सरकारी, गैरसरकारी वा अन्य कुनै पनि संगठित संस्थामा कार्यरत उम्मेदवारले दरखास्त साथ सम्बन्धित संस्थाको स्वीकृति समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । म्याद नाघि आएको, रित नपुगेको तथा आवश्यक शैक्षिक योग्यता नपुगेको र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| **पद र श्रेणी** | **निर्देशक, चार्टर्ड एकाउन्टेन्ट (अधिकृत द्वितीय श्रेणी)** | **सहायक निर्देशक चार्टर्ड एकाउन्टेन्ट (अधिकृत तृतीय श्रेणी)** |
|---|---|---|
| *आवश्यक संख्या* | १ (एक) | १ (एक) |
| *आवश्यक न्यूनतम योग्यता* | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता प्राप्त गरेको । (नेपाल बाहेक अन्य देशबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।) | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता प्राप्त गरेको । (नेपाल बाहेक अन्य देशबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।) |
| *उमेरको हद* | दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको | दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको) |
| *अनुभव* | कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तराष्ट्रिय संघ संस्था वा पूँजी बजार, बैंक, वित्तीय, बीमा वा कानुन सम्बन्धी काम गर्ने संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच | – |

| | | |
|---|---|---|
| | वर्षको कार्यानुभव हुनुपर्ने । | |
| *दरखास्त दस्तुर* | रु.१०००।-(रु.एक हजार) बोर्डको एनआईसी एशिया बैकको खाता नं. ३७४१२१६५४४५२४००२ मा कुनै पनि विद्युतीय माध्यमबाट जम्मा गरी सो को प्रमाण स्कयान (scan) गरी बोर्डको ईमेल management@sebon.gov.np मा पठाउन सकिने छ । | |
| *दरखास्त फारम पेश गर्ने विधि* | दरखास्त फारम तथा अन्य योग्याताको प्रमाणपत्रका प्रतिलिपिहरु बोर्ड कार्यालयमा वा स्कयान (scan) गरी बोर्डको ईमेल management@sebon.gov.np मार्फत बुझाउन सकिनेछ । | |
| *सेवा सुविधा* | बोर्डको नियमानुसार । | |
| *छनौट विधि* | अन्तर्वार्ता | |
| *अन्तरवार्ता मिति* | सम्पर्क मितिमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ । | |
| *सम्पर्क मिति* | दरखास्त दिने अन्तिम मितिको सातौं दिन । सो दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन । | |

कुनै पनि संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी अवकाश पाएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र मानसिक सन्तुलन ठीक नभएको उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुने छैन । कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ । दरखास्त फारम प्राप्त गर्न वा बुझाउने क्रममा केही समस्या परेमा मोवाईल नं. ९८५११९८९६३ मा सम्पर्क गर्न सकिनेछ ।

***चार्टड एकाउन्टेन्ट सेवा करारमा लिने सम्बन्धी सूचना बोर्डको सूचना पाटी र वेभसाईट www.sebon.gov.np मा राखिएको छ ।***

सदस्य सचिव
पदपूर्ति समिति